**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन ३० गते शनिबार ❑ 15 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## सबै मिलेर जनतामा आशा जगाउनुपर्नेछ : पूर्वप्रधानमन्त्री देउवा

**रासस**
काठमाडौं, २९ साउन

नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले जनताका दैनिकी समस्या समाधान गरी जनतामा आशा जगाउनुपर्ने बताउनुभएको छ।

कांग्रेसको संस्थापन पक्षइतरको शुक्रबारदेखि सुरु भएको राष्ट्रिय भेलाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उहाँले जनतामा देखिएका निराशाा आशामा बदल्न कांग्रेसको काँधमा ठूलो जिम्मेवारी आएको उल्लेख गर्नुभयो।

पूर्वप्रधानमन्त्री देउवाले मुलुकको अवस्था अहिले संवेदशील देखिएको बताउँदै सबै सजग भएर राष्ट्रिय एकता कायम गर्न भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो। मुलुकको इतिहास सबै लोकतान्त्रिक आन्दोलन कांग्रेसको नेतृत्वमा नै सफल भएको र त्यसमा पुर्खा र अग्रजहरूले भोगेको कठिनाइ र सङ्घर्षलाई कसैले पनि बिर्सन नहुने उहाँले उल्लेख गर्नुभयो।

तिनै परिवर्तनले नै जनताका मौलिक हक प्राप्त भएका र यसमा कांग्रेसीजनहरूले गर्व गर्नुपर्ने उहाँको भनाइ थियो। पूर्वप्रधानमन्त्री देउवाले मुलुकका हरेक परिवर्तनमा प्रायः सबै दलबीच एकता हुने गरेको र त्यो नेपालको मौलिकपन भएको बताउनुभयो। उहाँले लामो गौरवमय इतिहास भएको कांग्रेसमा विशेष महाविधेशनले हाल कमजोर बनाउने काम भएको उल्लेख गर्दै सर्वोच्च अदालतबाट न्याय हुने अपेक्षा गर्नुभयो। चार पुस्ता भएको कांग्रेसमा असहमतिलाई कम गर्न सबैलाई न्याय हुनेगरी अघि बढ्न सबै लाग्नुपर्नेमा उहाँको जोड थियो।



पूर्वप्रधानमन्त्री देउवाले संविधानप्रदत्त अधिकारको संरक्षण, राष्ट्रिय सहमति र जनताका हितका लागि काम गर्न आफू सदैव तयार रहेको बताउनुभयो। राष्ट्रियता, समाजवाद र लोकतन्त्र आफ्नो जीवनको मूल आदर्श भएको बताउँदै उहाँले यसमा आफूले कहिल्यै पनि सम्झौता नगरेको बताउनुभयो। साथै उहाँले गणतन्त्र संस्थागत गर्न सबै लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले आफू पाँच महिनापछि स्वास्थ्योपचार गरेर हिजोमात्र फर्केको र स्वागतका लागि विमानस्थलमा ठूलो सङ्ख्यामा आएका नेता, कार्यकर्ताप्रति आभार व्यक्त गर्नुभयो।

समारोहमा निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले गत पुस अन्तिम साता सम्पन्न विशेष महाधिवेशन रोकेर पार्टीमा एकता कायम गर्नका लागि आफूले गरेको प्रयासबारेमा जानकारी गराउनुभयो। उहाँले त्यसका लागि आफूले महिना दिनसम्म केन्द्रीय समितिको बैठक लम्ब्याउने अवस्था बनेको स्मरण गर्दै त्यसका लागि आफूले अपजस खेप्नुपरेको समेत बताउनुभयो। उहाँले विशेष महाधिवेशनले पार्टीमा फुट आउँछ भनेर तत्कालीन सभापति शेरबहादुर देउवाले भनेको कुरा सम्झेर आफूले काम गरेको जानकारी दिनुभयो। पार्टी एकताका लागि गाउँ गाउँ पुगेर नेताकर्तामा उत्साह थप्न सबैसँग आग्रह गर्दै नेता खड्काले भेलाले वर्तमान कार्यसमितिका पदाधिकारीलाई सच्याउन र एकतामा फर्कनका लागि दबाब दिने उल्लेख गर्नुभयो।

वरिष्ठ नेता डा शेखर कोइरालाले कांग्रेसले मुलुकमा हाल देखिएको समस्या समाधानमा अन्य दलसँग मिलेर काम गर्नुपर्ने र राष्ट्रियता बलियो बनाउन लाग्नुपर्नेमा जोड दिनभयो। उहाँले मुलुकका संवैधानिक निकायसँगै न्यायापालिका स्वतन्त्र र निष्पक्ष हुनुपर्ने बताउँदै कांग्रेसका बारेमा यसअघि न्यायालयले दिएको निर्णय पनि सहजै स्वीकार गरेको जानकारी गराउनुभयो। नेता डा कोइरालाले राष्ट्रिय भेलापछि मुलुकभर कांग्रेसमा एकताको सन्देश जाने बताउँदै यसमा सबै लाग्न आग्रह गर्नुभयो। पूर्वउपसभापति एवं पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले लोकतान्त्रिक प्रक्रियाबाट नै काम गर्नुपर्ने अग्रजहरूले सिकाएको बाटो कसैले पनि बिराउन नहुने बताउनुभयो। गत पुस अन्तिम साता भएको पार्टीको विशेष महाधिवेशन विधानसम्मत नभएको दाबी गर्दै उहाँले सत्य कुरा सबैले सुन्नुपर्ने र आत्मसात् गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले सामाजिक सञ्जालमा पुराना दलले काम गर्न सकेनन् भनेर भ्रम सृजना गरिएको र त्यो भ्रम विस्तारै आफैँ हट्दै जान थालेको बताउनुभयो। पूर्वउपप्रधानमन्त्री एवं पार्टीका नेता विमलेन्द्र निधिले विशेष महाविधेशन कब्जा गरेर गरिएको आरोप लगाउँदै यस कार्यसमितिका पदाधिकारीलाई १५औँ महाधिवेशन लड्ने अधिकार नहुने दाबी गर्नुभयो। साथै उहाँले १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिले १५औँ महाधिवेशनको तयारी थाल्नुपर्नेमा जोड दिनुभयो।

पूर्वउपप्रधानमन्त्री एवं पार्टीका नेता विजयकुमार गच्छदारले निवर्तमान सभापति शेरबहादुर देउवाको नेतृत्वमा कांग्रेस पार्टीमात्र होइन सम्पूर्ण लोकतान्त्रिक शक्ति एक हुनुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो। उहाँले यो राष्ट्रिय भेला पार्टी एकताको प्रतीक बनेको उल्लेख गर्नुभयो। पार्टीका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले यसअघि कांग्रेसको विशेष महाधिवेशनका सन्दर्भमा निर्वाचन आयोगले गरेको निर्णयप्रति असहमति जनाउँदै त्यसबेला विस्तृत रूपमा अध्ययनसमेत नभएको भनी निर्वाचन आयुक्तहरूसँग प्रश्न गर्नुभयो। उहाँले सर्वोच्च अदालतले कांग्रेसको आधिकारिकता सम्बन्धमा पुनरावलोकनका लागि निस्सा दिएपछि आशा पलाएको बताउनुभयो। कांग्रेसको संस्थापन इतरपक्षको तीनदिने राष्ट्रिय भेला आजदेखि सुरु भएको हो।

## मोदी खोलाको बाढीले मन्दिरमा फसेका ३ जनाको सशस्त्र प्रहरीद्वारा उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन


कास्कीको अन्नपूर्ण गाउँपालिका-५ र ६ को सिमानास्थित नयाँपुल-बिरेठाँटी सडकखण्ड नजिकै मोदी खोलाको बीचमा रहेको माता अन्नपूर्ण मन्दिरमा बाढीका कारण फसेका पुजारी सहित तीन जनाको सशस्त्र प्रहरी बल नेपालले सकुशल उद्धार गरेको छ।

गएराति परेको अविरल वर्षापछि मोदी खोलामा आएको भीषण बाढीले मन्दिरको अधिकांश भागसहित पर्वत र कास्कीतर्फ जोडिएका दुईवटा पुल बगाएपछि मन्दिरमा एक जना पुजारी र दुई जना भक्तजन फसेका थिए। घटना भएको जानकारी प्राप्त हुनासाथ सशस्त्र प्रहरी बल नेपाल नं. २४ गण हे.क्वा. कालिका, कास्कीबाट सशस्त्र प्रहरी नायब निरीक्षक (सप्रनि) शरणबहादुर खड्काको कमाण्डमा १३ जनाको रोप रेस्क्यु तथा गोताखोर टोली आवश्यक विपद् उद्धार सामग्रीसहित घटनास्थलतर्फ परिचालन भएको थियो। नेपाल प्रहरीको वडा प्रहरी कार्यालय बगरबाट प्रहरी निरीक्षक रामप्रसाद सापकोटाको कमाण्डमा १६ जनाको टोलीसमेत उद्धार कार्यमा खटिएको थियो। उद्धार टोलीले बिहानैदेखि जोखिमपूर्ण अवस्थामा रोप रेस्क्युको तयारी अघि बढाएको थियो। बिहान करिब ७:३५ बजे सशस्त्र प्रहरी जवान देवराज खनाल र सन्तोष बाँनियाले रोपको सहायताबाट



खोलापारि पुगेर उद्धारका लागि आवश्यक रोप बेस तयार गरेका थिए। त्यसपछि सशस्त्र प्रहरी सहायक हवल्दार इन्द्रबहादुर गुरुङ र सशस्त्र प्रहरी जवान जनक बुढा थप सहयोगका लागि खोलापारि पुगेका थिए। टोलीले तयार पारेको रोप रेस्क्यु प्रणालीमार्फत बिहान ७:५५ बजेदेखि ८:१५ बजेसम्म मन्दिरमा फसेका तीनै जनालाई एक-एक गर्दै सकुशल उद्धार गरी सुरक्षित स्थानमा ल्याएको शसस्त्र प्रहरीले जनाएको छ। उद्धार गरिएकामा पोखरा महानगरपालिका-१८ सराङकोटका २८ वर्षीय प्रदीप ढकाल, सर्लाही घर भई अन्नपूर्ण गाउँपालिका-८ बिरेठाँटीस्थित माविमा कार्यरत करिब ३० वर्षीय शिक्षक रेवन्तप्रसाद सिंह र मन्दिरका करिब ५२ वर्षीय पुजारी निर्माण गिरी रहेका छन्। गिरी भारतीय नागरिक हुन् र उनी विगत पाँच वर्षदेखि उक्त मन्दिरमा पुजारीका रूपमा कार्यरत रहेको जनाइएको छ। यसैबीच, बाढी र पहिरोका कारण अन्नपूर्ण गाउँपालिका-१० बिरेठाँटी क्षेत्रमा घान्द्रुक जाने सडकखण्डमा ठूलो क्षति पुगेको छ। सडकका विभिन्न स्थानमा गरी करिब २ किलोमिटर सडक बाढीले कटान तथा क्षति पुऱ्याएपछि यातायात पूर्णरूपमा अवरुद्ध भएको छ। अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीका अनुसार बिरेठाँटी क्षेत्रमा सडक नै कटान भएकाले तत्काल यातायात सञ्चालन गर्न सकिने अवस्था छैन। सडक मर्मत गरी यातायात सुचारु गर्न केही दिन लाग्न सक्ने उहाँले बताउनुभएको छ। बाढीका कारण अन्नपूर्ण गाउँपालिका-१० को स्याउली बजारमा दुईवटा घरसमेत बगेका छन्। हालसम्म मानवीय क्षति भने नभएको स्थानीय प्रशासनले जनाएको छ। घान्द्रुक जाने मुख्य सडक अवरुद्ध भएपछि पोखराबाट घान्द्रुकतर्फ जाने सवारीसाधन बिरेठाँटीमै रोकिएका छन्।

बाँकी अन्तिम पृष्ठमा ▶▶



## पोखरामा पोखरा घर सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखराको पृथ्वीचोकमा निर्माण गरिएको बहुउद्देश्यीय 'पोखरा घर' सञ्चालनमा आएको छ। पोखरा महानगरपालिकाले पोखराको साहित्य, कला, सङ्गीत, संस्कृति तथा पर्यटन गतिविधिलाई एउटै स्थानबाट संरक्षण, विकास र प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरेको 'पोखरा घर'को शुक्रबार एक समारोहबीच महानगरपालिकाका मेयर धनराज आचार्यले उद्धाटन गर्नुभएको हो।

मेयर आचार्यले पोखराको सभ्यता, संस्कृति र पहिचानलाई पर्यटकमाझ चिनाउन कोसेली घर महत्वपूर्ण हुने बताउनुभयो। 'पोखरा घर'मा महेन्द्रपुलमा सञ्चालन हुँदै आएको पोखरा सार्वजनिक पुस्तकालय र आर्ट ग्यालरी समेत स्थानान्तरण गरिएको बताउदै मेयर आचार्यले पुराना तथा ऐतिहासिक पुस्तक व्यवस्थापनसँगै आर्ट ग्यालरी, पोखरा प्रज्ञा प्रतिष्ठानका कक्ष तथा बैठक र कार्यक्रम सञ्चालनका लागि हलको समेत व्यवस्था गरिएको जनाउनु भयो। 'पोखरा घर' सञ्चालनमा आएसँगै पृथ्वीचोकमा यात्रु तथा सर्वसाधारणले भोग्दै आएको



आधारभूत सुविधाको अभाव कम हुने अपेक्षा गरिएको मेयर आचार्यले बताउनु भयो। एउटै भवनमा कोसेली घर, एकीकृत सूचना केन्द्र, पोखरा सार्वजनिक पुस्तकालय, पोखरा प्रज्ञा प्रतिष्ठान, आर्ट ग्यालरी, टिकट काउन्टर, स्नानगृह, सार्वजनिक शौचालय, भूमिगत पार्किङ तथा घण्टा घर, सूचना केन्द्र लगायतका संरचना निर्माण गरिएको छ। पोखरा महानगरपालिका-९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले 'पोखरा घर'लाई व्यवस्थित रूपमा सञ्चालन गरी स्थानीयवासी, यात्रु तथा पर्यटकले प्रत्यक्ष लाभ लिन सक्ने बताउनु भयो। भवनको भुइँतलामा स्नानगृह, सार्वजनिक शौचालय, सूचना केन्द्र र कोसेली घर राखिएको छ। महिला, पुरुष तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टाछुट्टै र अपाङ्गमैत्री शौचालय निर्माण गरिएको छ। एकैपटक सात जनासम्मले स्नान गर्न सक्ने तथा ११ जनासम्मले शौचालय प्रयोग गर्न सक्ने गरी संरचना तयार गरिएको छ। पृथ्वीराजमार्ग सञ्चालन गर्ने कम्पनीको टिकट काउन्टर समेत यहीं रहेको छ। पृथ्वीराजमार्ग बस संचालक कम्पनीको टिकट काउण्टर समेत त्यहाँ रहेको छ। कोसेली घरले पोखराका स्थानीय उत्पादन, हस्तकला तथा मौलिक सामग्रीको प्रदर्शन, बिक्री र बजारीकरणका लागि साझा थलोका रूपमा काम गर्नेछ। जेड आकारमा निर्माण भएको भवनमा लिफ्ट तथा अपाङ्गमैत्री संरचनासहित करिब ३१५ वर्गमिटर क्षेत्रफलमा भूमिगत पार्किङ र आकर्षक घण्टाघर निर्माण गरिएको छ। भवन निर्माणका लागि करिब ७ करोड ४६ लाख रुपैयाँ लागत अनुमान गरिएकोमा ५ करोड ४२ लाख ६६ हजार रुपैयाँमा ठेक्का लागेको थियो। कोजुई आरुसी आरुसु एबी-एसी जेभीले निर्माण गरेको भवनका लागि हालसम्म ५ करोड १२ लाख २६ हजार रुपैयाँ भुक्तानी भइसकेको इन्जिनियर लक्ष्मीप्रसाद गौतमले जानकारी दिनुभयो। उद्धाटन समारोहमा उपप्रमुख मञ्जुदेवी गुरुङ, निमित्त प्रमुख प्रशासकीय अधिकृत हेमप्रसाद आचार्य, सल्लाहकार परिषद्का अध्यक्ष आनन्दराज मुल्मी, दलका नेताहरू दिवसमान प्रधानाङ्ग, राधिका कुमारी शाही योगी, वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, महाशाखा प्रमुख, कर्मचारी, सरोकारवाला तथा जग्गादाताहरूको उपस्थिति थियो। सो अवसरमा सहयोगी तथा जग्गादाताका परिवारलाई सम्मान समेत गरिएको थियो। उद्धाटनसँगै मेयर आचार्यले पोखरा बसपार्क निर्माणलाई प्राथमिकताका साथ अघि बढाउने बताउँदै कसैले अवरोध गरे कानुनअनुसार कारबाही गरिने चेतावनी दिनुभएको छ। 'पोखरा घर' सञ्चालनमा आएसँगै पृथ्वीचोक पोखराको स्थानीय उत्पादन, कला, साहित्य, संस्कृति र पर्यटन प्रवर्द्धन गर्ने महत्वपूर्ण साझा केन्द्रका रूपमा विकास हुने अपेक्षा गरिएको छ।

# गण्डकी प्रदेश प्रमुखसमक्ष मुख्य न्यायाधिवक्ताको प्रतिवेदन पेस

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



गण्डकी प्रदेश प्रमुख समक्ष मुख्य न्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदन पेस गरिएको छ।

प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा पौडेलले कार्यालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो । प्रतिवेदन ग्रहण गर्नुहुँदै प्रदेश प्रमुख भट्टले मुख्य न्यायाधिवक्ता मुख्यमन्त्रीका कानुनी सल्लाहकार रहेकाले प्रदेश सरकारको न्यायिक कामकारबाही नै मुख्य न्यायाधिवक्ताको प्रमुख दायित्व रहने उल्लेख गर्नुभयो । 'प्रदेश सरकारलाई कानुनी सल्लाहका साथै न्यायिक कामकारबाहीमा सहायता प्रदान गर्ने जिम्मेवारी मुख्य न्यायाधिवक्ताको हो' प्रदेश प्रमुख भट्टले भन्नुभयो । उहाँले संवैधानिक व्यवस्था अनुरुप प्राप्त जिम्मेवारीअनुसार कार्यालयले आफ्नाकार्य सम्पादन गर्दै आएको विश्वास व्यक्त गर्नुभयो ।

मुख्य न्यायाधिवक्ता शर्माले वार्षिक रूपमा प्रतिवेदन पेश गर्नुपर्ने कानुनी प्रावधानअनुसार कार्यालयले वर्षेनी प्रतिवेदन प्रस्तुत गर्ने गरेको जनाउँदै गत आर्थिक वर्षमा सम्पादन गरिएका कार्यको संक्षिप्त विवरण पनि प्रस्तुत गर्नुभयो । उहाँले मुख्य न्यायाधिवक्ताको कार्यालयबाट प्रदेश सरकारको प्रतिनिधि भई प्रतिरक्षा गरिएका मुद्दा, लिखित रूपमा राय माग भई आएका विषय, राय सुझावसहित पठाइएका नीति, ऐन नियम आदि विषय प्रतिवेदनमा समेटिएको बताउनुभयो । उहाँले कार्यालयले प्रदेश सरकारलाई विभिन्न विधेयकमा निर्माणमा सहयोग गरेको र कार्यालय शुन्य बेरुजुको प्रयासमा रहेको बताउनुभयो । नेपालको संविधानको धारा १६० मा प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने संवैधानिक व्यवस्था रहेको छ।

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तसम्बन्धी ऐन, २०७५ को दफा ११ ले मुख्य न्यायधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ।

प्रतिवेदनमा कार्यालयले वर्ष भरिमा संवैधानिक एवं कानुनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण, प्रदेश सरकार बादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा प्रतिरक्षा गरिएको संक्षिप्त विवरण, मुद्दा मामिलामा गरिनुपर्ने सुधारको विवरणलगायत प्रतिवेदनमा उल्लेख गरिएको छ।

# पर्वतीय पत्रकारितामा योगदान पुऱ्याए वापत पत्रकार भुपाल गुरुङ सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



पर्वतीय पत्रकारितामा योगदान पुऱ्याएको भन्दै पत्रकार भुपाल गुरुङ सम्मानित हुनुभएको छ।

नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेशले गुरुङलाई पर्वतीय पत्रकारितामार्फत हिमाल, पदयात्रा, पर्वतारोहण, प्रकृति तथा हिमाली जीवनका विषयलाई राष्ट्रिय तथा अन्तर ष्ट्रिय समुदायसम्म पुऱ्याउन महत्वपूर्ण योगदान गरेको भन्दै नगद सहित सम्मान गरेको हो ।

संघको पोखरामा आयोजित १८ औं वार्षिक साधारण सभा तथा ८औं अधिवेशनको अवसरमा नेपाल पर्वतारोहण संघका अध्यक्ष फुर गेल्जे शेर्पा, गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङ र सचिव मनशान्त घिमिरे, पोखरा पर्यटन परिषद अध्यक्ष तारानाथ पहारीलगायतले गुरुङलाई नगद, फेटा र सम्मानपत्रले सम्मान गर्नुभएको थियो ।

विगत १८ वर्षदेखि पत्रकारितामा क्रियाशील गुरूङले विशेषतः गण्डकी प्रदेशका हिमाली क्षेत्र, पर्वतारोहण तथा साहसिक पर्यटनका विषयलाई टेलिभिजन पत्रकारितामार्फत विश्वसामु पुऱ्याउन उल्लेखनीय योगदान गर्दै आउनुभएको छ।

संघले गुरुङको पत्रकारिताले हिमाली पर्यटन, साहसिक पर्यटन तथा त्यससँग जोडिएका विषयको प्रवर्द्धन र संरक्षणमा समेत योगदान पुऱ्याएको जनाएको छ। नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेशले पर्वतीय पर्यटनको विकास, हिमाली सम्पदाको संरक्षण तथा साहसिक पर्यटनको प्रवर्द्धनमा पुऱ्याउँदै आएको योगदानप्रति सम्मान व्यक्त गर्दै गुरूङले पर्यटन विकासका लागि नीति, पूर्वाधार र लगानीसँगै त्यसको कथा विश्वसामु पुऱ्याउने प्रभावकारी सञ्चार पनि उत्तिकै अपरिहार्य रहेको बताउनुभयो ।

त्यसैले पर्यटन संस्था र सञ्चार क्षेत्रबीचको सहकार्य अझ सुदृढ र परिणाममुखी बन्न आवश्यक रहेको औंल्याउनुभयो । आगामी दिनमा पनि गण्डकी प्रदेशको पर्यटन विकास, संरक्षण र प्रवर्द्धनका सवाललाई प्राथमिकताका साथ उठाउने उहाँको प्रतिबद्धता छ।

कान्तिपुर टेलिभिजन संवाददाता एवम नेपाल पत्रकार महासंघ कास्कीका सचिव समेत रहनुभएका गुरूङ यसअघि फिटोफ गण्डकीको क्याप्टेन रुद्रमान स्मृति ग्रामीण पर्यटन पत्रकारिता पुरस्कार-२०७६, नेपाल पत्रकार महासंघ कास्कीबाट प्रदान टंकदेवी-तुलसीप्रसाद पत्रकारिता पुरस्कार-२०७८, नेपाल हवाई खेलकुद संस्था पत्रकारिता पुरस्कार-२०७९, पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरुङ तथा श्रीमती कमला गुरुङ पत्रकारिता पुरस्कार-२०७९ र अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार-२०८३ लगायत पुरस्कारबाट सम्मानित भईसक्नुभएको छ।

# गण्डकीमा 'शुद्ध बोल्छ गण्डकी, शुद्ध लेख्छ गण्डकी' अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



नेपाली भाषाको प्रयोगमा देखिँदै आएका त्रुटि न्यूनीकरण गर्दै शुद्ध बोल्ने र शुद्ध लेख्ने संस्कृतिको विकास गर्ने उद्देश्यले गण्डकी प्रदेशमा 'शुद्ध बोल्छ गण्डकी, शुद्ध लेख्छ गण्डकी' अभियान सुरु गरिएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्रबार पोखरामा आयोजित एक औपचारिक कार्यक्रमबीच अभियानको शुभारम्भ गरेका हुन् ।

अभियान शुभारम्भ गर्दै मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशले सुरु गरेको भाषिक शुद्धताको अभियान अन्य प्रदेशका लागि समेत सिकाइ बन्न सक्ने बताए । उनले गण्डकीबाट सुरु भएको अभियानलाई आगामी दिनमा 'शुद्ध बोल्छ नेपाल, शुद्ध लेख्छ नेपाल' अभियानका रूपमा देशव्यापी बनाउन सकिने विश्वास व्यक्त गरे । मुख्यमन्त्री पाण्डेले अभियानलाई गण्डकी प्रदेशका ११ वटै जिल्लाका गाउँगाउँ तथा शैक्षिक संस्थासम्म पुऱ्याउनुपर्नेमा जोड दिए । नेपाली भाषामाथि अन्तर ष्ट्रिय भाषाको प्रभाव र अतिक्रमण बढिरहेको भए पनि त्यसलाई नकारात्मक रूपमा मात्र हेर्न नहुने उनको भनाइ थियो ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा बिक्न सक्ने जनशक्ति उत्पादन गर्न अन्तर ष्ट्रिय भाषाको ज्ञान आवश्यक रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले आफ्नो मातृभाषा तथा नेपाली भाषा भने कम्तीमा शुद्ध रूपमा बोल्न र लेख्न सक्ने जनशक्ति तयार गर्नुपर्ने बताए । 'हामीले आफ्नो भाषा शुद्ध बोल्ने र लेख्ने जनशक्ति तयार पार्यौं भनेर मात्रै गर्व गरेर पुग्दैन,' उनले भने, 'अन्तर ष्ट्रिय भाषाको ज्ञानसँगै आफ्नो भाषामा पनि दक्ष हुन आवश्यक छ ।' गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति प्रा।डा। कुसुमाकर न्यौपानेले नेपाली भाषाको प्रयोगमा देखिएका त्रुटि पहिचान गर्दै त्यसको निराकरणका उपायबारे छलफल र जागरण आवश्यक भएकाले अभियान सुरु गरिएको बताए । अभियानको सुरुआत कास्कीबाट गरिएको र क्रमशः गण्डकी प्रदेशका बाँकी १० जिल्लामा विस्तार गरिने उनले जानकारी दिए । कुलपति प्रा।डा। न्यौपानेका अनुसार अभियानलाई त्यसपछि प्रदेशका स्थानीय तहसम्म पुऱ्याइनेछ। यो अभियान भाषिक जागरणसँगै आम नागरिकलाई आफ्नो भाषाको प्रयोगप्रति सचेत र सजग बनाउने उद्देश्यले अघि बढाइएको उनले स्पष्ट पारे ।

'भाषामा भएका त्रुटि औँल्याउने मात्र होइन, ती त्रुटि कसरी सुधार गर्न सकिन्छ भन्ने उपाय पनि नागरिकलाई जानकारी गराउने हाम्रो उद्देश्य हो,' न्यौपानेले भने । अभियानलाई आगामी चरणमा थप विस्तार गर्दै लैजाने तयारी रहेको उनले जानकारी दिए ।

नेपाली भाषासँगै मातृभाषाको संरक्षण, संवर्द्धन र शुद्ध प्रयोगका लागि पनि यस्तै कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको कुलपति न्यौपानेले बताए । सबै पक्षको साथ र सहयोगबाट अभियानले अपेक्षित रूपमा मूर्त रूप पाउने उनको विश्वास छ । अभियान शुभारम्भकै अवसरमा शुक्रबार 'नेपाली भाषामा हुने गरेका त्रुटि र निराकरणका उपायहरू' विषयमा गोष्ठीसमेत आयोजना गरिएको थियो। गोष्ठीमा डा। प्रेमप्रसाद चौलागाईंले कार्यपत्र प्रस्तुत गरेका थिए । उनले नेपाली भाषाको प्रयोगमा हुने गरेका विभिन्न त्रुटि, ती त्रुटिका कारण तथा निराकरणका उपायबारे उदाहरणसहित प्रस्तुति दिएका थिए । भाषामा देखिने त्रुटि व्यक्ति वा एउटा क्षेत्रबाट मात्र नभई विभिन्न निकाय तथा सार्वजनिक प्रयोगका माध्यमबाट समेत हुने गरेको उल्लेख गर्दै डा। चौलागाईंले भाषाको सही प्रयोगका लागि सम्बन्धित सबै पक्ष सचेत हुनुपर्नेमा जोड दिए । कार्यक्रममा गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति शंकर विरही गुरुङले स्वागत मन्तव्य राखेका थिए भने सदस्य-सचिव मनकुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा. शेषनारायण पौडेल, तमु धिं नेपालका अध्यक्ष होमबहादुर गुरुङलगायतले धारणा राखेका थिए। गण्डकी प्रदेशमा सुरु गरिएको यो अभियानले विद्यालय, सरकारी कार्यालय, सञ्चारमाध्यम तथा सार्वजनिक जीवनमा नेपाली भाषाको शुद्ध प्रयोग बढाउन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । अभियानले भाषिक त्रुटि सच्याउने मात्र नभई नेपाली भाषाको संरक्षण, संवर्द्धन र प्रभावकारी प्रयोगका लागि नागरिकस्तरमा जागरण ल्याउने लक्ष्य समेत लिएको छ । कार्यक्रममा कलाकारहरूले सारङ्गी तथा माहुरीबाजाका धुन प्रस्तुत गरे भने गण्डकी प्रज्ञा प्रतिष्ठानले आगामी दिनमा सञ्चालन गर्ने विभिन्न कार्यक्रमबारे समेत जानकारी गराइएको थियो ।

# मोदी खोलाको...

घान्द्रुकबाट पोखरा फर्किने यात्रु तथा सवारीसाधनलाई समेत सडक पूर्णरूपमा सञ्चालनमा नआएसम्म सुरक्षित स्थानमै रहन कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले आग्रह गरे । बाढीका कारण नयाँपुल क्षेत्रमा विद्युत्को पोलसमेत बगेपछि विद्युत् सेवा अवरुद्ध भएको उनले जनाए ।

सडक तथा विद्युत् पूर्वाधारमा क्षति पुगेपछि घान्द्रुकलगायत अन्नपूर्ण संरक्षण क्षेत्रका पर्यटकीय गन्तव्यतर्फको आवागमन प्रभावित भएको छ । घान्द्रुक अन्नपूर्ण संरक्षण क्षेत्रको प्रमुख पर्यटकीय गन्तव्य हुनुका साथै अन्नपूर्ण आधार शिविर (एबीसी) र माछापुच्छ्रे आधार शिविरतर्फ जाने प्रमुख प्रवेशमार्ग हो । सडक अवरुद्ध भएपछि घान्द्रुक हुँदै टाढापानी, घोरेपानी, छोमरुङ, सिनुवा तथा अन्नपूर्ण आधार शिविरतर्फ जाने पर्यटकसमेत प्रभावित भएका छन् ।

**विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं**

◆जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
◆अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
◆विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
◆च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
◆स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
◆ सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।
विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं।"

नेपाल सरकार
विज्ञापन बोर्ड

# एसियाली खेलकुद: क्यानोइङका विजय र आशिषले पोखरामा लिँदैछन् प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन



जापानको आइची-नागोया क्षेत्रमा आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म २०औं एसियाली खेलकुद आयोजना हुँदैछ । हरेक चार वर्षमा आयोजना हुने यस प्रतियोगिता एसियाली खेलाडीका लागि ठूलो खेल महोत्सव हो।

प्रतियोगिता केवल एउटा प्रतियोगिता नभई खेलाडीको वर्षौंको मिहिनेत र सङ्घर्षलाई अन्तरराष्ट्रिय मञ्चमा प्रमाणित गर्ने अवसर बन्ने गरेको छ । प्रतियोगितामा नेपालबाट क्यानोइङतर्फ धनकुटाका विजय माझी र सिन्धुपाल्चोकका आशिष रानामगरले बलियो चुनौती पेस गर्दै हुनुहुन्छ। 'कायक स्लालोम' र 'कायक क्रस' विधामा नेपालको प्रतिनिधित्व गर्न छनोट भएका दुवै खेलाडी एक महिनादेखि पोखराको फेवातालमा प्रशिक्षण गरिरहनुभएको छ।

नेपाल र्‍याफ्टिङ एन्ड क्यानोइङ सङ्घका प्रमुख प्रशिक्षक निमबहादुर मगरले खेलाडीलाई अभ्यास गराइरहनुभएको छ । विजयले लामो समयदेखि तमोर नदीमा र्‍याफ्टिङ गाइडका रूपमा काम गर्नुभयो । तमोर नदीको तीव्र बहाव, जोखिमपूर्ण जलयात्रा र कठिन परिस्थितिमा पर्यटकलाई सुरक्षित रूपमा गन्तव्यसम्म पुर्‍याउने क्रममा हासिल गरेको अनुभवले उहाँलाई अहिले एसियाली खेलकुदसम्म डोहोर्‍याएको छ। गाइडका रूपमा सिकेको अनुभव र सीपलाई खेलकुदमा रूपान्तरण गर्दै विजय अहिले नेपालको प्रतिनिधित्व गर्दै हुनुहुन्छ। "तमोर नदीमा पर्यटकलाई सुरक्षित रूपमा नदी पार गराउने जिम्मेवारीबाट म अहिले एसियाकै ठूलो प्रतियोगितामा सहभागी हुँदैछु। ¬याफ्टिङ गाइडका रूपमा नदीसँग गरेको अभ्यासले क्यानोइङमा धेरै सहयोग गरेको छ", विजयले भन्नुभयो । विजयसँगै आशिष रानामगरले पनि नेपाली टोलीमा स्थान बनाउनुभएको छ । दुवै खेलाडीले कायक स्लालम र कायक क्रस विधामा प्रतिस्पर्धा गर्ने प्रशिक्षक मगरले बताउनुभयो । उहाँका अनुसार प्रतियोगितालाई लक्षित गर्दै खेलाडीको प्राविधिक दक्षता, शारीरिक फिटनेस र प्रतिस्पर्धात्मक क्षमतामा विशेष ध्यान दिइएको छ। फेवाताल तथा आसपासका क्षेत्रमा नियमित प्रशिक्षणसँगै खेलाडीलाई अन्तरराष्ट्रिय प्रतिस्पर्धाको वातावरणअनुसार तयार पार्ने काम भइरहेको मगरले बताउनुभयो।

उहाँले भन्नुभयो, "एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्ने खेलाडीलाई प्राविधिक र शारीरिक रूपमा मात्र होइन, मानसिक रूपमा पनि तयार पार्न आवश्यक हुन्छ । सोहीअनुसार प्रशिक्षणलाई अगाडि बढाइरहेका छौं।" फेवातालमा हुने नियमित प्रशिक्षणले पोखरालाई क्यानोइङ खेलाडी उत्पादन र प्रशिक्षणको सम्भावनायुक्त गन्तव्यका रूपमा स्थापित गर्न सहयोग गरेको मगरले बताउनुभयो। नेपालका नदी तथा ताल मनोरञ्जन र पर्यटनका आकर्षणमात्र नभई अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने प्राकृतिक प्रशिक्षणस्थल बन्न सक्ने प्रशिक्षक मगरले बताउनुभयो। एसियन गेम्समा नेपालले विभिन्न २२ खेलमा सहभागिता जनाउनेछ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते



पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन



उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पोखराको ॐकारेश्वर मन्दिरमा सिसिटिभी क्यामेरा हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

लायन्स क्लब अफ पोखरा इन्फर्मेशन टेक्नोलोजीले पोखरा-१७ स्थित धार्मिक तथा पर्यटकीय स्थल ॐकारेश्वर महादेव मन्दिर परिसरमा जडान गरिएका सिसिटिभी क्यामेरा मन्दिर सञ्चालक समितिलाई औपचारिक रूपमा हस्तान्तरण गरेको छ।

बिहीबार मन्दिर परिसरमै आयोजित एक कार्यक्रमका बीच लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ आई नेपालका डिष्ट्रिक गभर्नर लायन सूर्य बहादुर केसीको प्रमुख आतिथ्यतामा रु १ लाख ५५ हजार लागतमा जडान गरिएका ८ वटा उच्च प्रविधियुक्त सिसिटिभी क्यामेरा हस्तान्तरण गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि डिष्ट्रिक गभर्नर लायन सूर्य बहादुर केसीले लायन्सको यो वर्षको नारा केयरिङ बाइ शेयरिङ अन्तर्गत सेवा, नेतृत्व र भाइचाराका माध्यमबाट समाजमा रूपान्तरण ल्याउने अभियान सुरु गरिएको बताए। उनले कामको संख्या गणना गर्नुभन्दा प्रभावकारितामा जोड दिँदै जहाँ आवश्यक छ त्यहाँ लायन छ, माइ क्लब माइ पावरको अवधारणा साकार पार्न आह्वान गरे। साथै, आजको डिजिटल युगमा मन्दिरको सुरक्षा र संरक्षणका लागि क्लबले गरेको कार्य उदाहरणीय रहेको उल्लेख गरे। कार्यक्रममा पूर्व डिष्ट्रिक गभर्नर (पीडिजी) लायन राम बसेलले सुन्दर ॐकारेश्वर मन्दिरको सुरक्षामा सिसिटिभीले ठूलो सहयोग पुऱ्याउने बताउँदै यसअघि क्लबले मुस्ताङचोकस्थित पार्दी माध्यमिक विद्यालयमा पनि सिसिटिभी जडान गरेको स्मरण गराए। जोन चियरपर्सन लायन रावत तामाङ गोम्जाले चार वर्षअघि स्थापित यस क्लबले प्रविधिसँग जोडिएका कामलाई प्राथमिकता दिँदै आएको र साउनको सोमबार मन्दिर दर्शनका क्रममा सुरक्षाको आवश्यकता महसुस गरी ८ वटा सिसिटिभी जडान गरिएको बताए।



यसअघि पोखराको पादी मावि र जेन्जी आन्दोलन पछि जिल्ला प्रहरी कार्यालयमा समेत आफूहरूले सिसिटिभी जडान गरी हस्तान्तरण गरेको स्मरण गरे। मन्दिर व्यवस्थापन समितिका अध्यक्ष देव बहादुर थापाले यस सहयोगले समुदायको सुरक्षा, धार्मिक पर्यटन प्रवर्द्धन र भक्तजनको विश्वास अभिवृद्धि गर्ने बताउँदै जडान गरिएका प्रणालीको उचित संरक्षण र प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

लायन्स क्लब अफ पोखरा इन्फर्मेशन टेक्नोलोजीका अध्यक्ष लायन चन्द्र बहादुर खत्री (विशाल) को अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रम संयोजक लायन चन्द्र बहादुर बुढाले धन्यवाद मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन लायन स्वयंभू कुँवरले गरेका थिए।

# भलामको महामाया मन्दिर परिसरमा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

पोखरा महानगरपालिका वडा नं. २०, भलामस्थित महामाया मन्दिर परिसरमा वृक्षरोपण गरिएको छ।

स्थानीय भलाम डाँडाखोर बहुद्धेश्यीय सहकारी संस्थाले स्वर्ण महोत्सवको अवसरमा आयोजना गरेको सो कार्यक्रममा रुद्राक्ष,बेलपत्र, पारिजात, गुलमोहर,धुपीसहित विभिन्न प्रजातीका फलफुल गरी एक सय बढी बिरुवा रोपिएको संस्थाले जनाएको छ। यसअघि कार्यक्रमको शुभारम्भ गर्दै वडाध्यक्ष गंगाबहादुर खत्रीले वातावरण र पर्यावरणको संरक्षणका लागि नियमित रुपमा वृक्षरोपण गर्नुपर्नेमा जोड दिए। उनले सहकारी संस्थाले आर्थिक क्रियाकलाप मात्र नगरी वातावरणीय संरक्षणका क्षेत्रमा पनि काम गरेको भन्दै प्रशंसा गरे। सहकारीका अध्यक्ष तुलसीप्रसाद तिमिल्सेनाले वृक्षरोपण गरेर मात्र



दायित्व पुरा नहुने बताउँदै, यसको रेखदेख र संरक्षण आवश्यक रहेको बताए। सहकारीका व्यवस्थापक उत्तमबहादुर क्षेत्रीले सहकारीले कृषि तथा दुध र पशुपालनका क्षेत्रमा लगानी गरेको बताउँदै, संस्थामा हाल करिब १ हजार ३ सय सदस्य आबद्ध रहेको जानकारी दिए। सहकारीका अध्यक्ष तिमिल्सेनाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन हिमबहादुर बस्नेतले गरेका थिए। यसैबिच वडा कार्यालय पोखरा २० ले शनिबार सार्वजनिक सुनुवाई गर्ने जनाएको छ।

सो कार्यक्रममा वडाले गत आर्थिक वर्षमा वडाबाट सम्पन्न योजना र बाँकी रहेका योजनाको विषयमा वडाबासीलाई जानकारी गराउने बताईएको छ। वडाध्यक्ष खत्रीले यस वर्ष सम्पन्न गरिने कार्यक्रमसहित भावी योजनाका विषयमा पनि जानकारी गराईने बताए। वडा कार्यालय परिसरमा कार्यक्रमको आयोजना हुने उनले जानकारी दिए।

# गण्डकीका नौ जिल्लामा डेङ्गी फैलियो

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

यस वर्ष गण्डकी प्रदेशका नौ जिल्लामा डेङ्गीको सङ्क्रमण देखिएको छ।

गत मङ्गलबारसम्ममा ८३९ जनामा सङ्क्रमण पुष्टि भएको प्रादेशिक रोग नियन्त्रण केन्द्रले जनाएको छ। सबैभन्दा बढी बागलुङमा ३६६, कास्कीमा २२२, गोरखामा ९९, तनहुँ ६४, म्याग्दी ३३, पर्वत २१, लमजुङ १७, स्याङ्जा १३ र नवलपुरमा चार जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको हो।

हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा अहिलेसम्म डेङ्गी सङ्क्रमित नभेटिएका केन्द्रका जनस्वास्थ्य अधिकृत पार्वती ढुङ्गानाले बताउनुभयो। अङ्ग्रेजी महिना जुलाई लागेयता सङ्क्रमितको सङ्ख्या वृद्धि भएको उहाँको भनाइ छ। सो महिनामा मात्र ३९७ जनामा डेङ्गी पुष्टि भएको थियो। अगष्ट लागेपछि २१९ जनामा सङ्क्रमण देखिएको जनस्वास्थ्य अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो। अधिकांश डेङ्गी सङ्क्रमित बागलुङनगरपालिका र पोखरा महानगरपालिकामा रहेका उहाँको भनाइ छ।

बागलुङ नगरपालिकामा ३५९ र पोखरा महानगरपालिकामा २१३ जनामा सङ्क्रमण देखिएको हो। प्रदेश जनस्वास्थ्य कार्यालय, बागलुङका प्रमुख प्रवीण शर्माले डेङ्गी सङ्क्रमण रोक्न 'खोज र नष्ट गर' अभियान सुरु गरिएको बताउनुभयो। समयमा नियन्त्रण र रोकथाम गर्न नसके डेङ्गी सङ्क्रमण थप बढ्ने उहाँको भनाइ छ। डेङ्गी फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरी जीवनचक्र खल्बल्याउन कास्कीलगायत अन्य जिल्लामा पनि उक्त अभियान सञ्चालन गरिएको छ। डेङ्गी नियन्त्रण तथा रोकथामका लागि हरेक व्यक्ति र परिवार जिम्मेवार हुनुपर्ने प्रमुख शर्माले बताउनुभयो। डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टे जमेको सफा पानीमा बस्ने हुँदा घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्न दिन नहुने उहाँको भनाइ छ।

डेङ्गीको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डी, पुराना टायर, भाँडाकुँडा, ड्रम आदिमा जम्मा भएको सफा पानीमा बस्ने हुँदा तिनलाई खाली गनुपर्ने उहाँले बताउनुभयो। सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले उक्त रोग सार्ने लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गीबाट बच्ने उत्तम उपाय भएका चिकित्सक बताउँछन्।

डेङ्गी सङ्क्रमणपछि बान्ता भइहाल्ने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिए अस्पतालको विशेष निगरानीमा उपचार गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ। असारदेखि कात्तिकसम्म डेङ्गीको सङ्क्रमण बढी फैलने गर्छ।

डेङ्गी सार्ने 'एडिस एजिप्टाई' जातको लामखुट्टे जम्मा भएको सफा पानीमा फुल पार्ने र लार्भा जन्माउने गर्छ। यो लामखुट्टेले दिनमा मात्र टोक्ने भएकाले लामो बाहुला भएको लुगा लगाउने, काम नपरी बाहिर नजानेलगायत उपाय अपनाउन सकिने प्रमुख शर्माले बताउनुभयो। चार प्रकारको भाइरसबाट मानिसमा डेङ्गी सङ्क्रमण हुने भएकाले आवश्यक सचेतना अपनाउन उहाँले सबैलाई आग्रह गर्नुभयो।

# स्थानीय बाली लगाउने किसानलाई प्रोत्साहन

**पोखरापत्र संवाददाता**
पोखरा, २९ साउन

किसानलाई स्थानीय जातको खेतीतर्फ आकर्षित गर्न पोखरा महानगरपालिकाले प्रोत्साहन अनुदानसहित बजारीकरणमा सहयोग गर्दै आएको छ। कोदो, कागुनो, उवालगायत स्थानीय जातका बाली जोगाउन महानगरले पहल थालेको हो।

उन्नत र वर्णशङ्कर जातका खाद्यबालीको विस्तारले स्थानीय जातका बाली सङ्कटमा परेका छन्। महानगरको कृषि महाशाखाका प्रमुख मनोहर कडरियाले स्थानीय बालीसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम पनि सञ्चालन गर्दै आएको बताउनुभयो। "कोदो र कागुनोको न्यूनतम समर्थन मूल्य पनि तोकिएको छ", उहाँले भन्नुभयो, "किसानको उत्पादनलाई मूल्य शृङ्खलामा जोड्ने विषयमा पनि महानगरले सहजीकरण गरिरहेको छ।" पछिल्लो समय कोदोको माग र उपभोग बढ्दै गएकाले खेती विस्तारतर्फ जोड दिइएको कडरियाले बताउनुभयो। महानगरले यस वर्षको कोदो दिवसका अवसरमा कोदोखेती गर्ने किसानलाईनगदसहित सम्मानसमेत गरेको थियो। करिब १७ रोपनीमा कोदोखेती गर्नुभएका पोखरा-२२ का किसान खगी घर्ती, ११ रोपनीमा खेती गर्ने पोखरा-२० का दुर्गाबहादुर सुनार, १० रोपनी क्षेत्रफलमा खेती गर्ने पोखरा-२८ का शोभा भण्डारी र नौ रोपनीमामा कोदोखेती गर्ने पोखरा-२३ का होमबहादुर गुरुङ सम्मानित हुनुभएको हो। महाशाखा प्रमुख कडरियाका अनुसार स्थानीय जातका बालीको खेती गर्ने किसानलाई बीउ वितरण, जग्गा तयारीलगायतमा ५० प्रतिशतसम्म अनुदान दिइएको हो। प्रोत्साहन सहयोग पाएपछि महानगरको ग्रामीण भेगका किसान स्थानीय बालीको खेतीतर्फ आकर्षित भएका उहाँको भनाइ छ। "कोदोखेती छोड्नै लागेका किसानले पनि महानगरले प्रोत्साहन र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरेपनि पुनःखेती विस्तार गर्नुभएको छ", उहाँले भन्नुभयो। स्वस्थ र पोषणयुक्त हुने भएकाले सहरिया उपभोक्तामाझ पनि पुरानो खाद्यबाली लोकप्रिय बन्दै गएको महाशाखा प्रमुख कडरियाले बताउनुभयो। महानगरले किसानलाई स्थानीय बालीबाट विभिन्न परिकार बनाउने तालिमसमेत प्रदान गरेको छ। परम्परागत जातका खाद्यबाली सुक्खा ठाउँमा पनि हुने भएकाले पछिल्लो समय गाउँघरमा बढीरहेको जग्गा बाँझिने क्रमलाई घटाउन उक्त कार्यक्रमबाट मद्दत पुग्ने विश्वास लिइएको छ। स्थानीय जातको खेती प्रवर्द्धनका लागि महानगरले विभिन्न मेला/महोत्सव र प्रदर्शनीमार्फत पनि किसान र उपभोक्तालाई आकर्षित गर्दै आएको छ। कृषि महाशाखाका अनुसार नगर क्षेत्रको करिब तीन हजार ८०० हेक्टर क्षेत्रफलमा कोदोखेती लगाउने गरिएको छ। वार्षिक चार हजार ८०० मेट्रिकटन कोदो उत्पादन हुने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो।

# प्रचारप्रसारको अभावमा ओझेलमा पर्दै 'सिद्ध गुफा'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २९ साउन

यहाँको धार्मिक आस्थाका रूपमा रहेको सिद्ध गुफाको प्रचारप्रसार हुन नसक्दा ओझेलमा पर्दै गएको छ। स्याङ्जाको गल्याङ नगरपालिका-१० छहरामा अवस्थित सिद्ध गुफाको धार्मिक एवं ऐतिहासिक महत्व हुँदाहुँदै पनि प्रचारप्रसारको अभावमा ओझेलमा परेको हो।

धेरै वर्ष पहिले गाईगोरु हेर्न आएका गोठालाहरूले गुफा देखेपछि सिद्धको शक्तिका रूपमा यस ठाउँलाई सिद्धको थान मानी पूजाआजा गर्न थालिएको गल्याङ-१० सिद्ध गुफा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष ९० वर्षीय पिताम्बर खनालले बताउनुभयो।

"गाईगोरु चराउन आएका गोठालाले पहाडको भित्रपट्टि रहेको गुफा पत्ता लगाएका थिए। उक्त गुफाभित्र अहिले पनि गाईका थुन, शङ्ख, मादल, मौलोलगायत विभिन्न आकृति स्पष्टसँग देख्न सकिन्छ", उहाँले भन्नुभयो, "गुफाको बाहिरबाट छहरा झरिरहेको छ भने भित्रपट्टि विभिन्न आकृति छन्। यहाँ सिद्धको शक्ति रहेको धार्मिक मान्यतापश्चात् यस ठाउँमा शिव मन्दिर बनाएका छौँ।" सुरुमा स्थानीयले खरले छाएर सामान्य खालको मन्दिर बनाएर पूजाआजा गर्दै आएका थिए। विसं २०५६ मा स्थानीयको अगुवाइमा मन्दिरलाई व्यवस्थित बनाउनका लागि देउसीभैलो खेलेर रकम सङ्कलन गरी हालको मन्दिर निर्माण गरिएको अध्यक्ष खनालले बताउनुभयो। "पुरानो मन्दिरलाई संरक्षण र व्यवस्थित गर्न स्थानीयले देउसीभैलो खेलेर रकम सङ्कलन गर्यौं", उहाँले भन्नुभयो, "टाढाटाढा गएर रकम सङ्कलन गरी मन्दिर निर्माण गरेका हौँ।"

सिद्ध गुफा मन्दिरको धार्मिक तथा ऐतिहासिक महत्व हुँदाहुँदै पनि समय अनुसार प्रचारप्रसार गर्न नसक्दा धार्मिक पर्यटकलाई मन्दिरसम्म पुऱ्याउन सकिएको छैन। मन्दिरमा विवाह, व्रतबन्ध, ग्रहशान्ति, सत्यनारायण पूजा, भजनकीर्तन हुने गरे पनि पछिल्लो समय गाउँघरमा युवापुस्ता नहुँदा पहिलाको जस्तो गतिविधि नहुने समितिका अध्यक्ष खनालले बताउनुभयो। यहाँको धार्मिक महत्वकाबारेमा बुझाउन नसक्दा पनि धार्मिक पर्यटक आउनेक्रम बढ्न नसकेको उहाँले दाबी गर्नुभयो।

मन्दिरसम्म पुग्नका लागि रु दुई लाखको लागतमा पदमार्ग निर्माण गरिएको छ। गण्डकी प्रदेश सरकार, वडा कार्यालय र स्थानीयको लागत साझेदारीमा गुफा परिसरमा पौवा निर्माण गरिएको वडाध्यक्ष मुक्तिप्रसाद खनालले जानकारी दिनुभयो। "यस ठाउँको धार्मिक महत्व हुँदाहुँदै पनि हामीले प्रचारप्रसार गर्न सकिरहेका छैनौँ", उहाँले भन्नुभयो, "यहाँको धार्मिक महत्वका बारेमा प्रचारप्रसार गरेर आन्तरिक तथा बाह्य धार्मिक पर्यटक भित्र्याउन सकेमा यहाँ रोजगारी सिर्जना हुनुका साथै पर्यटकीय गतिविधि चलायमान हुनेछन्।"

पहाडको भिरालो परेको खोँचमा एकान्त स्थानमा उक्त गुफा अवस्थित छ। प्राकृतिक छटाले सजिएको गुफामा पुगेपछि जो-कोहीको पनि मन आनन्दित हुन्छ। यसको प्रचारप्रसार गर्न सकेको खण्डमा धार्मिकसँगै पर्यटकीय दृष्टिले पनि महत्व बढेर जाने स्थानीय बताउँछन्।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, २९ साउन

बाढी तथा पहिरोका कारण बागलुङका दुई राष्ट्रिय राजमार्ग आज बिहानैदेखि अवरूद्ध भएका छन्। कालीगण्डकी करिडोर बागलुङ खण्ड र मध्यपहाडी लोकमार्गको बागलुङ खण्ड अवरुद्ध भएका हुन्।

गए रातिदेखि परेको अविरल वर्षाका कारण बागलुङ नगरपालिका-१३ स्थित कालाखोला बगरमा पहिरो खस्दा बिहानैदेखि सडक अवरूद्ध भएको छ। यस्तै मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको बुर्तिवाङ-निसीखोला खण्डको निसीखोला गाउँपालिका-४ कानाबजार नजिक ठाडाखोलामा बाढी आउँदा मध्यपहाडी लोकमार्ग अवरूद्ध बनेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी रामेश्वर त्वातीले जानकारी दिनुभयो।

दुवै राजमार्ग खुलाउन सडक डिभिजन कार्यालय, मध्यपहाडी लोकमार्ग आयोजना तथा कालीगण्डकी करिडोर कार्यालयसँग समन्वय भइरहेको सूचना अधिकारी त्वातीले जानकारी दिनुभयो। सडक अवरूद्ध भएपछि यात्रु बाटोमै अलपत्र परेका छन्।

## सटर खाली गर्ने सम्बन्धमा ३५ दिने सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/३०)

गण्डकी प्रदेश पर्वत जिल्ला महाशिला गाउँपालिका वडा नं. ६ स्थायी वतन भएका छविलाल सुनारको नाति थम बहादुर सुनारको छोरा वर्ष ४८ ना.प्र.नं.२२५३०-पर्वतका खड्क बहादुर सुनारको नाममा सेस्ता कायम रहेको यस कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १० स्थित कित्ता नम्बर २३७ क्षेत्रफल १२७.२० वर्ग मिटर जग्गामा निर्मित घरको भुई तलामा रहेको दुई सटर मध्ये एक सटरकोठा गण्डकी प्रदेश कास्की जिल्ला साविक देउराली गा.वि.स. वडा नं. २ हाल परिवर्तित रुपा गाँउपालिका वडा नं. ५ स्थायी वतन भएकी सुस्मा घिमिरेले भाडामा लिई ईस्मा बराइलीले विगत आठ महिनादेखि व्यवसाय सञ्चालन गर्दै आएकी र निजले विगत पाँच महिनादेखिको घर भाडा, बिजुली पानी लगायतको शुल्क समेत नतिरेको हुँदा आजको मितिले ३५ दिनभित्र भाडा, शुल्क तिरी आफ्नो सामान सटरबाट निकाली सटर खाली गर्नुहुन अन्यथा नियम अनुसार सटर खाली गरिने व्यहोरा सम्बन्धितका लागि यो सूचना प्रकाशित गरिन्छ।

**पोखरा महानगरपालिका**
**१० नं. वडा कार्यालय**

# स्थानीय तहको सहभागितामा मुस्ताङमा जलवायु सम्मेलन हुँदै

पोखरापत्र संवाददाता
मुस्ताङ, २९ साउन

आगामी भदौमा आयोजना हुने जलवायु सम्मेलनका लागि मुस्ताङको घरपभोङ गाउँपालिकाले देशभरका ७५३ वटै स्थानीय तहलाई पत्राचार गरेको छ ।

सम्मेलन भदौ ३० र ३१ गते मुस्ताङको सदरमुकाम जोमसोममा आयोजना हुने गाउँपालिकाले जनाएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न समस्या, चुनौती तथा जलवायु अनुकूलनका विषयमा साझा धारणा बनाउन सम्मेलन आयोजना गर्न लागिएको हो । राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले गाउँपालिकाले पहिलोपटक ऐतिहासिक रूपमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन आयोजना गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो ।

सङ्घीय मामिला मन्त्रालयको समन्वयमा सबै स्थानीय तहलाई सम्मेलनमा सहभागी हुन पत्राचार गरिएको उहाँले बताउनुभयो । सम्मेलनमा हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेको असरबारे छलफल गरिनेछ । साथै जलवायु परिवर्तनको असर न्यूनीकरण र सामना गर्न सामूहिक प्रतिबद्धता जनाउँदै घरपभोङ घोषणापत्र २०८३ जारी गरिनेछ । सम्मेलनका लागि छ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४५९ गाउँपालिकालाई एकैसाथ लिखित पत्राचार गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले जानकारी दिनुभयो ।

सम्मेलनमा जलवायु परिवर्तनका कारण स्थानीय तहमा देखिएका समस्या, विपद् तथा प्रभाव पहिचान गर्दै त्यसको न्यूनीकरणका उपाय र रणनीतिबारे छलफल हुनेछ । कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको काखमा बसेर बृहत् छलफल गरी हिमाली जिल्लाका तर्फबाट जलवायु घोषणापत्र जारी गर्ने तयारी गरिएको छ । सम्मेलनबाट जारी हुने साझा घोषणापत्रमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा आवाज बुलन्द गर्ने उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ । सम्मेलनमा जलवायु परिवर्तनका असरसम्बन्धी फोटो प्रदर्शनीसमेत आयोजना गरिनेछ । त्यसका लागि सबै स्थानीय तहलाई भदौ १५ गतेभित्र जलवायु परिवर्तनका असर झल्कने तस्बिर पठाउन अनुरोध गरिएको छ । स्थानीय तहका धारणा तथा घोषणापत्रमा समेटनुपर्ने विषयसमेत उल्लेख गरी सोही मितिभित्र मस्यौदा पठाउन आग्रह गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताउनुभयो ।

गाउँपालिकासँग भगिनी सम्बन्ध जोडिएका स्थानीय तह तथा मुस्ताङका अन्य स्थानीय तहको सहयोगमा सम्मेलनको तयारी भइरहेको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिमपहिरो, हिमताल फुट्ने, बाढीपहिरो र नदी कटानजस्ता प्राकृतिक विपद् बढिरहेका छन् । कृषि, पशुपालन, धर्म-संस्कृति तथा जैविक विविधतामा समेत जलवायु परिवर्तनको ठूलो असर परेको छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा असमान हिमपात हुने, खानेपानीका मुहान सुक्दै जाने, चरन क्षेत्र घट्दै जाने तथा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्ने समस्या देखिएको छ । यसले पशुपालन व्यवसायसमेत प्रभावित हुन थालेको छ ।

# माउन्ट अन्नपूर्णमा क्लबहरु गठन

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन



पोखरा ३, नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीहरुलाई समेटेर बिभिन्न समुहरुमा क्लबहरु गठन गरिएको छ ।

शुक्रबार विद्यालयले विद्यार्थीको अन्तरनिहित प्रतिभा प्रस्फुटनका साथै सामाजिक काम गर्ने उदेश्यले गेम एण्ड स्पोर्टस क्लब, सोसल सर्भिस क्लब र म्युजिक, आर्ट एन्ड लिट्रेचर लिटरेचर क्लब गठन गरिएको प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए । जस अन्तरगत सोसल सर्भिस क्लवको अध्यक्षमा जेनिफा गुरुङ र सचिवमा विजय नेपाली चयन भएका छन् । क्लवमा १५ जना सदश्य छन् । सोसल सर्भिस क्लवको उदेश्य सामाजिक र शैक्षिक क्षेत्रमा काम गर्ने उदेश्यले गठन गरिएको अध्यक्ष गुरुङले उल्लेख गरिन । त्यस्तै पंकज श्रीसको अध्यक्षतामा गेम एण्ड स्पोर्टस क्लबको गठन गरियो जस्को सचिवमा अनिला गौचन चयन भइन् । ७ जना सदश्य रहेको क्लवको उदेश्य विद्यालयमा हुने आन्तरिक तथा बाह्य खेलहरुको व्यवस्थापन गर्ने भएको अध्यक्ष श्रीसले जनाए । साजन तामाङ अध्यक्ष र सरिता श्रेष्ठ सचिव रहेको म्युजिक आर्ट एण्ड लिट्रेचर क्लवमा ८ जना सदस्य रहने गरि गठन गरिएको छ । क्लवको उदेश्य विद्यालय तथा बाह्य हुने सास्कृतिक कार्यक्रमहरुको व्यवस्थापनामा सहयोग गर्ने भएको अध्यक्ष तामाङले उल्लेख गरे । विद्यार्थीलाई पाठ्यपुस्तकको ज्ञानसँगै अतिरिक्त क्रियाकलापमा समेत संलग्न गराई विविध विषयहरूमा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउँदै आएको विद्यालयले वार्षिक कार्यक्रम अनुसार नै क्लव गठन गरिएको विद्यालयका प्रशासक चित्र गुरुङले बताए । क्लब गठन कार्यक्रममा बिद्यालयका इसिए निर्देशक तेजबहादुर गुरुङ, प्लस टु एकेडेमिक संयोजक गोविन्द सुवेदी, लेखा संयोजक नवराज शर्मा, प्लस टु तर्फका बिभागिय प्रमुखहरुको सहभागिता रहेको थियो । गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, माउण्टेनियरिङ र कम्प्युटर साइन्सको बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ ।

# सिरुबारी पहिरो: बेनी-जोमसोम सडकको मुख्य चुनौती

पोखरापत्र संवाददाता
म्याग्दी, २९ साउन



रघुगंङ्गा गाउँपालिका-२ सिरुबारीको पहिरो भारत र चीनलाई जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकको मुख्य चुनौती बनेको छ। उत्तरी म्याग्दीका रघुगङ्गा र अन्नपूर्ण गाउँपालिका हुँदै पर्यटकीय जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम चीन र भारतलाई जोड्ने सडक पनि हो ।

कालीगण्डकी नदीको तिरबाट भगवतीको माफखर्कसम्मको जमिन धाँजा फाटेर पहिरो जाने जोखिम बढेपछि बीचमा पर्ने सडकमा यातायात सञ्चालन गर्न जोखिम बन्दै गएको स्थानीय बताउछन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले सिरुबारी पहिरोले बर्खायाममा बेनी-जोमसोम सडकमा यातायात सञ्चालनमा समस्या हुँदै आएको बताउनुभयो । "सामान्य वर्षा हुने बित्तिकै पहिरो खसेर सडक अवरुद्ध हुनुका साथै साँघुरो र हिलाम्मे हुँदा जोखिम मोलेर सवारीसाधन वारपार गराउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "सवारीसाधन गुडिरहेको र यात्रु हिडिरहेको अवस्थामा माथिबाट ढुङ्गा खस्ने, चोटपटक लाग्ने, क्षति पुग्ने गरेकाले सावधानी अपनाएर यातायात सञ्चालन गर्नुपर्दा दुर्घटनाको जोखिम पनि उत्तिकै हुन्छ ।"

अध्यक्ष पुनले सिरुबारी पहिरो नियन्त्रण र यातायात व्यवस्थापनका लागि दुई वटा विकल्प अघि सारिएको बताउनुभयो । सिरुबारीबाट अन्नपूर्ण गाउँपालिकातर्फ दुई वटा बेलिब्रिज जडान गरेर अस्थायी रूपमा यातायात सञ्चालन गर्न सकिने बताउँदै उहाँले दीर्घकालीन समाधानका लागि पहिरो नियन्त्रणको आयोजना सञ्चालन गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । "सडकको तल कालीगण्डकी नदी छ भने करिब ८०० मिटरमाथि २०० मिटर चौडाइका पहिरो छन् । पाखो पहिरोमा परिणत भएको छ । माफखर्कको बस्तीमा पनि जोखिम बढाएको छ । कोरला नाका हुँदै आवतजावत गर्ने मालबाहक कन्टेनरले पनि यही सडक प्रयोग गर्छन्", अध्यक्ष पुनले भन्नुभयो ।

मुस्ताङ जानेआउने यात्रुबाहक बस र अन्य सवारीसाधनको सिरुबारी पहिरो क्षेत्रमा जाम हुँदा आवागमनमा थप सास्ती हुने गरेको उहाँको भनाइ छ । गाडी फस्ने र साँघुरो भएकाले जाम हुने समस्या छ । साँघुरो भएकाले पहिरो क्षेत्रमा दुईतर्फी यातायातका साधन सञ्चालन गर्न सकिँदैन । उहाँका अनुसार वर्खायाम सुरु भएयता यस वर्ष बेनी-जोमसोम सडकअन्तर्गत सबैभन्दा बढी सिरुबारीमा अवरुद्ध भएको छ ।

बेनी-जोमसोम-कोरला सडक आयोजना कार्यालयका प्रमुख तेजस्वी शर्माले पहिरो नजिकै डोजर र लोडर तयारी अवस्थामा राखेको जानकारी दिनुभयो । पछिल्ला तीन वर्षका वर्खायामभरि पहिरो पन्छाउँदै यातायात सञ्चालन गर्दै आइएको जनाउँदै उहाँले दुई हप्ताअघि सिरुबारीमा खसेको पहिरोले सडक विभागको एउटा डोजरमा क्षति पुगेको बताउनुभयो । आयोजना कार्यालयले गत हिउँदा सिरुबारी पहिरोको अस्थायी रोकथामका लागि 'बेन्चिङ' (भीर/सडक निर्माण गर्दा पहिरो नजाओस् र डिल नभासियोस् भनेर माटोलाई सिँढी आकारमा काट्ने) विधि अपनाएको थियो । यसपालि 'बेन्चिङ' गरेकोभन्दा फरक ठाउँ खोल्सा क्षेत्रमा पहिरो गएको छ । असार अन्तिम साता मुस्ताङबाट फर्कने क्रममा पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सिरुबारी पहिरो अवलोकन गर्दै चालु आर्थिक वर्षभित्र रोकथामको काम सुरु गर्न बजेटको व्यवस्थापन गरिने प्रतिबद्धता जनाउनुभएको थियो ।

यही साउन २ गते गृह जिल्ला आउनुभएका विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महाविर पुनले पनि अन्तरदेशीय व्यापारिक मार्गमा पर्ने सिरुबारी पहिरोको दीर्घकालीन समाधानका लागि सरकारले काम अघि बढाइसकेको बताउनुभयो । आयोजना प्रमुख शर्माले भूगर्भविद्हरुको टोलीबाट पहिरोको अनुसन्धान गरी रोकथामको आयोजना सञ्चालन गरिने बताउनुभयो । गलेश्वर, चमेरे, महभिर, भीरकाटे, बैसरी, गुइठेभिर, लामभिक्ता, लाटाखोला क्षेत्रमा पहिरो रोकथाम तथा रुप्से क्षेत्रको पहिरो प्रभावित क्षेत्रमा सडक ढलान गर्ने गत आर्थिक वर्षमा सम्झौता भएका आयोजनाको निर्माण बर्खायाममा पनि निरन्तरता दिइएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी जेमकुमार बैठाले जानकारी दिनुभयो ।

# जलविद्युत् आयोजनाको सहयोगमा विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २९ साउन

तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा तनहुँको भिमाद नगरपालिका-५ ऋषिङपाटनस्थित दीपक माध्यमिक विद्यालयको भवन निर्माण सम्पन्न भएको छ । आयोजनाको सामाजिक उत्तरदायित्व विकास कार्यक्रममार्फत विद्यालयको सुविधासम्पन्न भवन निर्माण गरिएको हो । उक्त भवनको २०८० साल असोज ९ गते शिलान्यास गरिएको थियो ।

सरकारको विद्यालय भवनसम्बन्धी प्रचलित मापदण्ड, नमूना डिजाइन तथा प्राविधिक विशिष्टताअनुसार निर्माण गरिएको भवनले विद्यार्थीका लागि सुरक्षित, विपद्-प्रतिरोधी तथा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न सहयोग पुर्याउने आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार रु ९४ लाख ५७ हजारको लागतमा भवन निर्माण गरिएको हो । विद्यालय भवन निर्माणको ठेक्का स्याङ् जास्थित निवास इन्जिनियरिङ कन्स्ल्टेन्सीले प्राप्त गरेको थियो ।

नयाँ भवनले आयोजना प्रभावित समुदायका विद्यार्थीका लागि थप व्यवस्थित र गुणस्तरीय शैक्षिक पूर्वाधार उपलब्ध गराउँदै अनुकूल सिकाइ वातावरण सृजना गर्ने भण्डारीले बताउनुभयो । यसले सामाजिक पूर्वाधारको विकास तथा आसपासका समुदायको दीर्घकालीन शैक्षिक र सामाजिक-आर्थिक विकासमा योगदान पुर् याउने अपेक्षा गरिएको उहाँको भनाइ छ । विद्यालयका प्रधानाध्यापक उत्तम खनियाले नयाँ भवन निर्माण भएपछि अध्ययनमा सहज हुने बताउनुभयो । आयोजनाले प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ । हालसम्म ९८ वटा योजनाहरू सम्पन्न भइसकेको र छवटा योजना सञ्चालनमा रहेको भण्डारीले जानकारी दिनुभयो ।

भिमाद नगरपालिका-५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका-७ स्थित डाडीवन चुलेसी पहुँच मार्ग, भिमाद नगरपालिका-५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण, ऋषिङ गाउँपालिका-१ स्थित दीपक माध्यमिक विद्यालय भवन निर्माण, भिमाद नगरपालिका-५ स्थित ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माणको काम जारी छ ।

# कुँडहरको सहयोग घार्मीलाई उजाड

पोखरापत्र संवाददाता
पोखरा, २९ साउन

पोखरा १२ स्थित कुँडहर आमा समुहले महेन्द्र मावि, घार्मीलाई स्टेशनरी सहयोग गरेको छ ।

बिभिन्न क्षेत्रमा सामाजिक सेवा गर्दै आईरहेको समुहले बिहीबार सो विद्यालयका विद्यार्थीलाई स्टेशनरी सामाग्री अर्न्तगत कापी, कलम वितरण गरेको हो । ति सामाग्री समाजसेवी प्रेमप्रसाद गौतम र आमा समुहका अध्यक्ष प्रभा गौतमले हस्तान्तरण गरिन् । कार्यक्रममा बोल्दै समाजसेवी गौतमले विद्यालयको शैक्षिक विकासमा आफु आवद्ध संघ संस्थाबाट पनि सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए । समुहका अध्यक्ष समेत रहेकी पुर्व शिक्षक प्रभा गौतमले विद्यार्थीको शैक्षिक विकासका लागि सानो सहयोगले पनि ठुलो भुमिका खेल्ने बताईन् ।

समुहका कोषाध्यक्ष लक्ष्मी थापाले संस्थाले यसअघि पनि विद्यालय, धार्मिक स्थल र वृद्धाश्रमलाई निरन्तर रुपमा सहयोग गर्दै आईरहेको जानकारी गराईन् । विद्यालयका प्रधानाध्यापक नन्दराज दाहालले समुहको सहयोगले विद्यार्थीलाई मात्र नभई अन्य संघ, संस्थालाई पनि प्रेरणा मिलेको बताउँदै, सहयोगका लागि आभार व्यक्त गरे । समुहका पदाधिकारी र सदस्यसमेत सहभागी रहेको कार्यक्रमको अध्यक्षता प्रधानाध्यापक दाहाल, स्वागत शिक्षक शरदराज सापकोटा र संचालन रत्ना विश्वकर्माले गरेकी थिईन् ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २९ निवासी भारतीय भु.पु.सै.नं. १२३४२७ का हवल्दार शेर बहादुर सुनारको श्रीमती कुमारी सुनारको नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति वि.सं २०२६।०३।१८ (ई.सं. १९६९।०७।०२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको जन्ममिति ई.सं.१९६६ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १८ नं. वडा कार्यालयको च.नं. ३२२ मिति २०८३।०४।२८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## नामथर, जन्ममिति फरक पर्न गएको सूचना



पर्वत जिल्ला कुश्मा नगरपालिका वडा नं.-१४ बस्ने भारतीय आर्मी ५/५ जि.आर. **भु.पु. नं. ५४४६५१८ टि.एस. नायक विष्णु बहादुर गुरुङ**को श्रीमती **विष्णु कुमारी गुरुङ**को नेपाली नगरिकता प्रमाणपत्रमा नामथर **विष्णु कुमारी गुरुङ** जन्म मिति **वि.सं. २०१५/०९/२७ (सन् १९५९ जनवरी ११)** उल्लेख भएको तर श्रीमान्‌को भारतीय पेन्सन अभिलेखमा निजको नामथर **विष्णु कुमारी** जन्म मिति **सन् १९५९ सेप्टेम्बर १०** उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमान्‌को भारतीय पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति एउटै व्यक्ति भएको भनि कुश्मा नगरपालिका १४ नं. वडा कार्यालय पर्वतको च.नं. ६९ मिति २०८३/०४/२७ को सिफारिस पत्रबाट लेखि आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एउटै व्यक्ति भएको सूचना



**जिल्ला स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं ०९ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं.** 5746301 K, H, Hav **का तिल बहादुर गुरुङको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर फरक परेकोले फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन् भनी उक्त वडा कार्यालयको च.नं ५८ मिति २०८३/०४/२६ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ ।**

| क्र.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता |
|---|---|---|---|
| १ | सुर्य कुमारी गुरुङ | Surja Kumari Gurung | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**